# कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

**रुपा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**रुपाकोट, कास्की**
**गण्डकी प्रदेश, नेपाल**

कार्यपालिकाबाट स्वीकृत मितिः२०८२।०४।२५

"रुपाको पहिचानः सबै क्षेत्रमा समृद्धिको अभियान"

email: ruparumun@gmail.com Website: https://rupamun.gov.np

# कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२

**प्रस्तावनाः** रुपा गाउँपालिकाको कृषि क्षेत्रको दिगो विकासका लागि भौगोलिक सम्भाव्यता, तुलनात्मक लाभ र कृषकको मागको आधारमा कार्यक्रमहरुलाई व्यवस्थित, मित्व्यवी पारदर्शि र प्रभावकारी ढंगबाट सन्चालन गरी अधिकतम प्रतिफल प्राप्त गर्न वाञ्छनीय भएकाले **"कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि ,२०८२"** तयार गरिएको हो।

## परिच्छेद- १ प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कृषि बिकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" रहने छ ।

(२) यो कार्यविधि कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

**(क)"अनदान"** भन्नाले यस कार्यविधि बमोजिम सञ्चानन गरिने कार्यक्रमहरुको लागि रुपा गाउँपालिका, कृषि विकास शाखाबाट उपलब्ध गराइने नगद वा जिन्सी सामाग्री सहुलियतलाई सम्झनुपर्छ।

**(ख)"अनुदानग्राही"** भन्नाले सञ्चालित कार्यक्रम अनुसार अनुदान प्राप्त गर्ने कृषक/फर्म/कम्पनी/ कृषि उद्यमी/ कृषक समिति/कृषक समूह/ सहकारी संस्था / उपभोक्ता समिति वा संघ संस्था सम्झनुपर्छ ।

**(ग)"कम्पनी"** भन्नाले कृषि/पशुपक्षी व्यवसाय गर्ने उद्धेश्यले प्रचलित कानुन बमोजिम सम्बन्धित निकायमा दर्ता भएका प्राइभेट वा पब्लिक कम्पनीलाई सम्झनुपर्छ।

**(घ)"कृषक"** भन्नाले कृषिलाई मुख्य पेसा वा व्यवसाय वनाइ त्यसबाट नै आफ्नो जिविकोपार्जन गर्ने नागरिकलाई सम्झनुपर्छ र सो शब्दले त्यस्तो नागरिकमा आश्रीत परिवारका सदस्य वा वर्षको छ महिना वा सो भन्दा बढी अवधि कृषि कार्यमा श्रम गर्ने वा परम्परागत कृषि औजार निर्माण गर्ने नागरिक वा त्यस्तो नागरिकमा आश्रीत परिवारका सदस्य समेतलाई सम्झनुपर्छ।

**(ङ)"कृषक समूह"** भन्नाले कृषि पेसामा संलग्न भई साँझा आवश्यकता र चाहाना भएका व्यक्तिहरु मिलेर सामूहिक रुपमा कृषि क्षेत्रमा काम गर्ने गरी गठन भई सम्बन्धित निकायमा दर्ता भएको संस्थालाई सम्झनुपर्छ।

**(च)"कृषि व्यवसाय"** भन्नले कृषि पशुपन्छी, मत्स्य, खाद्यजन्य लगायत उत्पादनलाई व्यवसायीकरण, बजारीकरण, मूल्यअभिवृद्धि एवं औद्योगिकीकरण गर्नेलाई समेत बुझिन्छ।

**(छ)"कार्यक्रम"** भन्नाले रुपा गाउँपालिकाको गाउँसभा वा कार्यपालिकाबाट स्वीकृत एवं सञ्चालन हुने अनुदान प्रवाह सम्बन्धि कार्यक्रम सम्झनुपर्छ ।

**(ज)"कार्यालय"** भन्नाले रुपा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

**(झ) "प्राविधिक"** भन्नाले कृषि विकास शाखामा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

**(ञ)"फर्म"** भन्नाले कृषि/पशुपक्षीसंग सम्बन्धित व्यवसाय गर्ने उद्धेश्यले प्रचलित कानुन बमोजिम सम्बन्धित निकायमा दर्ता भएका निजी क्षेत्रका व्यवसायी/उद्यमीको संस्थालाई सम्झनुपर्छ।

**(ट)"व्याबसायिक कृषक"** भन्नाले कृषि पेसालाई नै आयआर्जनको मुख्य स्रोत बनाई बर्ष भरि नै कृषि पेसामा आबद्ध कृषकलाई बुझिन्छ साथै तरकारी र फलफूलको हकमा कम्तीमा ३ रोपनी जमिनमा खेती गर्दै आएको तथा संरक्षित संरचना भित्र कम्तीमा १४० वर्ग मि क्षेत्रफलमा खेती गर्दै आएको वा तरकारी, फलफूल, मौरीपालन,पशुपन्छी पालन आदि एकिकृत रुपमा गरेको कृषकलाई बुझ्नुपर्दछ।

**(ठ)"शाखा"** भन्नाले रुपा गाउँपालिकाको कृषि विकास शाखालाई सम्झनु पर्नेछ ।

**(ड)"वडा"** भन्नाले रुपा गाउँपालिकाका सबै वडाहरु सम्झनु पर्ने छ ।

**(ढ)" व्यवस्थापन, मुल्याङ्कन तथा छनौट समिति"** भन्नाले रुपा गाउपालिकाको कृषि विकास सम्बन्धि कार्यक्रम संचालन गर्न यस कार्यविधिको दफा ९ बमोजिम गठित कृषि विकास कार्यक्रम व्यवस्थापन, मुल्याङ्कन तथा छनौट समितिलाई सम्झनु पर्दछ ।

**(ण)"अनुगमन समिति"** भन्नाले रुपा गाउँपालिकाको कृषि विकास सम्बन्धि कार्यक्रम संचालन गर्न यस कार्यविधिको दफा १० बमोजिम गठित कृषि विकास कार्यक्रम अनुगमन समितिलाई सम्झनु पर्दछ ।

**३. उद्देश्यः** यो कार्यविधि अनुसार संचालन हुने कार्यक्रमहरुको उद्देश्य देहाय बमोजिमको हुनेछ |

- गाउँपालिकाद्वारा संचालन हुने कृषि विकास कार्यक्रम कार्यान्वयन प्रक्रियालाई सरल, सहज, प्रभावकारी, गुणस्तरयुक्त बनाउने |
- अनुदानमा आधारित कार्यक्रममा अनुदान वितरण प्रक्रियालाई सरल र वैज्ञानिकयुक्त बनाई निष्पक्ष र पारदर्शी बनाउने |
- लाभग्राहिहरुको छनौट प्रक्रियालाई स्पष्ट र पारदर्शी बनाउने |
- व्यावसायिक एवम् प्रतिस्पर्धात्मक कृषि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक विकास हासिल गरी खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्ने ।
- कृषिमा यान्त्रिकरणको प्रयोगबाट उत्पादन एवं उत्पादकत्व बढाउने ।

- व्यावसायिक कृषि प्रणालीबाट प्रतिस्पर्धात्मक क्षमता बढाउने ।
- प्राविधिक श्रोत, वातावरण र जैविक विविधताको संरक्षण सम्बर्द्धन एवंम् सदुपयोग गर्ने ।
- प्रस्तावकहरुको प्रस्ताव बमोजिमका कार्यक्रमहरु संचालन गर्ने ।
- व्यावसायिक कृषि कार्यक्रम मार्फत "रुपाको पहिचानः सबै क्षेत्रमा समृद्धिको अभियान" को लक्ष्य प्राप्ति गर्ने ।

## परिच्छेद- २ सञ्चालन गरिने कार्यक्रम

**४. कृषि विकास कार्यक्रमहरुको विवरणः** (१) स्वीकृत बार्षिक कृषि विकास कार्यक्रम तथा बजेटको परिधि भित्र रही देहाय अनुसारको अनुदान सिमा रकमका आधारमा सञ्चालन गरिनेछन:-

| क.स | कार्यक्रमहरु | बढीमा अनुदानको सिमा (बढीमा प्रतिशत) | | |
|---|---|---|---|---|
| | | कृषक/ कृषि फर्म | कृषक समूह/सहकारी | अपाङ्ग/अल्पसंख्यक/बिपन्न/एकल महिला |
| १. | कृषि यान्त्रिकरण वितरण | ५० | ५० | ७५ |
| २. | तरकारी बीउ/बेर्ना वितरण | ५० | ७५ | ८५ |
| ३. | फलफूल बीउ/बेर्ना वितरण | ५० | ७५ | ८५ |
| ४. | तरकारी तथा फलफूल नर्सरी स्थापनाको लागि संचरना निर्माण तथा व्यवस्थापन | ५० | ७५ | ८५ |
| ५. | स्रोत केन्द्र स्थापना | ५० | ७५ | ८५ |
| ६. | पूर्वाधार/संरचना निर्माण तथा व्यवस्थापन | ७५ | ७५ | ८५ |
| ७. | मागमा आधारित अनुदान | ५० | ७५ | ८५ |
| ८. | मौरी गोला/मौरी सहित घार वितरण | ५० | ७५ | ७५ |
| ९. | मौरी चरनक्षेत्र विस्तारका लागि बीउ/बेर्ना वितरण | १०० | १०० | १०० |
| १०. | मौरी सामग्री तथा उपकरण वितरण | ५० | ७५ | ८५ |
| ११. | तरकारी/फलफूल/मसलाजन्य बाली/खाद्यान्न बाली खेती विस्तार कार्यक्रम | ५० | ७५ | ८५ |
| १२. | रैथाने बाली संरक्षण/प्रवर्द्धन कार्यक्रम | ५० | ७५ | ८५ |
| १३. | कृषि उपज प्याकेजिङ, ब्रान्डीङ तथा बजारिकरण | ५० | ७५ | ८५ |
| १४. | साना सिँचाइ कार्यक्रम | ७५ | ७५ | ८५ |
| १५. | मिनिकिट वितरण कार्यक्रम | कुनै एक ठाउँमा लोकप्रिय देखिएका तरकारीका विउहरू खरिद गरी स-सना प्याकेटमा प्याकेजिङ गरी कृषकहरुलाई निःशुल्क वितरण गरिनेछ। कृषकहरुलाई बीउको जात, लगाउने समय, मलखाद, सिँचाइ, अनुमानित उत्पादन लगायत सम्पूर्ण क्रियाकलापहरूको जानकारी दिनुपर्नेछ। | | |

| | | |
|---|---|---|
| १६. | उत्पादनमा आधारित अनुदान तथा ढुवानीमा अनुदान (कृषि एम्बुलेन्स) | प्रति केजी मह रु २५ (प्रोत्साहन स्वरुप)<br>कम्तिमा २० घार मौरी पालन गरी बार्षिक २०० के.जी मह उत्पादन गर्ने कृषकहरुलाई छनौट गर्न सकिने |
| | | तरकारी /फलफूल/कफि/मसला बाली -रु.३ प्रति के.जी. (मासिक औसत १००० के.जी उत्पादन गरी क्रेता वा उपभोक्ता सम्म पुर्याई बिक्री गरेको प्रमाणसहित अन्य आवश्यक कागजात पेस गरेमा पछिल्लो ६ महिनाको उत्पादनको प्रति के.जी रु ३ का दरले वा विनियोजित बजेटका आधारमा अनुदान रकम निर्धारण गरी प्रदान गर्न सकिने। ) |
| १७. | लसुन खेती विस्तार कार्यक्रम | विउ विजन,मल,खनजोत,श्रम लगायत अन्य उत्पादन सामाग्री वापत प्रति रोपनी कुल लागतको ५० प्रतिशत वा बढीमा रु १०,०००/- का दरले उपलब्ध गराइने छ। अनुदान प्राप्तिको लागि व्यक्तिगत कृषक र कृषि फर्मले कम्तिमा १ रोपनी तथा कृषक समूह र सहकारीले कम्तिमा १० रोपनी क्षेत्रफलमा खेती गर्नु पर्ने छ। उक्त अनुदान रकम कृषकले खेतमा रोपिसकेपछि गाउँपालिकाको अनुगमन समितिले मुल्याङ्कन गरे पश्चात उपलब्ध गराइनेछ। |
| १८. | प्याज खेती विस्तार कार्यक्रम | प्याज खेती गर्न चाहने कृषकहरुलाई बेर्ना,मल,खनजोत,श्रम,मल्चिङ प्लाष्टिक लगायत अन्य उत्पादन सामाग्री वापत प्रति रोपनी कुल लागतको ५० प्रतिशत वा बढीमा रु ८०००/- का दरले उपलब्ध गराइने छ। अनुदान प्राप्तिको लागि व्यक्तिगत कृषक र कृषि फर्मले कम्तिमा १ रोपनी तथा कृषक समूह र सहकारीले कम्तिमा १० रोपनी क्षेत्रफलमा खेती गर्नु पर्ने छ। |
| १९. | तरकारीका बेर्ना उत्पादनको लागि नर्सरी सञ्चालनमा सहयोग कार्यक्रम | तरकारी नर्सरी सञ्चानलनको लागि आवश्यक पुर्वाधार भएका कृषक/व्यवसायीहरुलाई वीउ निःशुल्क रुपमा प्रदान गर्ने र अन्य व्यवस्थापनको पक्ष स्वयम् कृषक/व्यवसायीहरुको हुनेछ। |
| २०. | बगर खेती प्रवर्द्धन कार्यक्रम | यस गाउँपालिका भित्रमा तरभुजा खेती हुन सक्ने क्षेत्रहरु छनौट गरी कृषकहरुलाई उत्पादन लागतको आधारमा ५० प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ। अनुदान प्राप्तिको लागि व्यक्तिगत कृषक र कृषि फर्मले कम्तिमा आधा रोपनी तथा कृषक समूह र सहकारीले कम्तिमा ५ रोपनी क्षेत्रफलमा खेती गर्नु पर्ने छ। |

| | | |
|---|---|---|
| २१. | जैविक विषादी उत्पादन तथा खेती प्रवर्द्धन कार्यक्रम | गड्यौला मल,ट्राईको भर्मि कम्पोष्ट मल,झोल मल,झोल विषादी लगायत विभिन्न जैविक मल र विषादी उत्पादनको लागि कृषकहरुलाई तालिम,उत्पादन सामाग्री हस्तान्तरण गर्न सकिनेछ। |
| २२. | क्यालेन्डर छपाई | कृषि क्यालेन्डर र शैक्षिक क्यालेन्डर तयार तथा छपाई गरी विभिन्न सरोकारवालाहरुलाई वितरण गरिनेछ। |
| २३. | एकिकृत कृषि शिविर कार्यक्रम | माटो उपचार र बाली उपचार शिविर सञ्चालन गरिनेछ। |
| २४. | कृषक सम्मान कार्यक्रम | रुपा गाउँपालिका भित्रका व्यवसायिक कृषकहरु मध्ये बढीमा ७ जना उत्कृष्ठ कृषकहरुलाई विशेष समारोहका विच सम्मान तथा नगद पुरष्कार प्रदान गरिनेछ। |
| २५. | दिवसिय कार्यक्रम | कृषिसंग सम्बन्धित विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवसका अवसरमा विविध कार्यक्रम गरी सञ्चालन गर्न सकिनेछ। |
| २६. | कृषि उपज बजारिकरण | कृषकहरुले उत्पादन गरेका कृषि उजहरुको बजारीकरणमा सहजिकरण गर्न सकिनेछ। |
| २७. | आई.पि.एम. कार्यक्रम तथा कृषक पाठशाला सञ्चालन | आई.पि.एम. कार्यक्रम तथा कृषक पाठशाला सञ्चालन कार्यविधि बमोजिम सञ्चालन गरिनेछ। |
| २८. | क्रप कटिङ्ग | बाली कटानी गर्दा क्षति भएको बालीको लागत अनुमानको आधारमा बढीमा प्रति बाली कटानी रु १५०० कृषकलाई प्रदान गर्नुपर्ने। |
| २९. | न्यूनतम समर्थन मूल्य | हरेक वर्ष नयाँ आर्थिक वर्ष शुरु भए पछि कार्यपालिकाको पहिलो बैठकबाट कृषि उपजहरूको मूल्य सूचि संशोधन गरी लागू गरिने। |
| ३०. | उत्कृष्ट कृषक पुरस्कार | अनुसुची १० मा उल्लेखित न्यूनतम मापदण्डलाई आधार मानी वडागत रुपमा कृषक छनौट गरी वार्षिक स्वीकृत बजेटको आधारमा रुपा गाउँपालिकाको कुनै विशेष समारोहका विच उत्कृष्ठ कृषक पुरष्कार प्रदान गरिने छ। |
| ३१. | जैविक विविधता/रैथाने बाली प्रदर्शनी कार्यक्रम | रुपा गाउँपालिकाको कुनै विशेष समारोहका विच रुपा गाउँपालिका भित्र उत्पादन हुने बिभिन्न बाली बस्तुको प्रदर्शनी गर्न सकिने। रुपा गाउँपालिकाको खर्चको मापदण्ड र स्विकृत प्रस्तावना बमोजिम आर्थिक पक्ष व्यवस्थापन गर्नुपर्ने। |

**नोटः** लागतमा आधारित अनुदान प्रदान गर्दा स्वीकृत दररेटको आधारमा प्रदान गर्नुपर्नेछ।

(२) दफा ४ को उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्राकृतिक विपतको अवस्थामा वा प्रचलित कानूनमा तोकिएको लक्षित समूह, विपन्न, एकल महिला, अपाङ्गता भएकाहरुका लागि सरकारी संस्था आफैले वा गैह्र सरकारी संघसंस्थाको साझेदारीमा सञ्चालन हुने कार्यक्रमको हकमा यो कार्यविधि लागु हुने छैन। साथै माथि उल्लेखित वर्गको लागि यस गाउँपालिकाबाट उपलब्ध गराइने अनुदानको सिमा थपघट गर्न सकिनेछ।

(३) अनुदान रकमको निर्धारण स्विकृत बजेटको आधारमा यस कार्यविधिको दफा ९ बमोजिम गठित समितिले गरेको निर्णय अनुसार हुनेछ।

(४) गाउँपालिकाले खरिद गरी लागत साझेदारीमा प्रदान गरिने कार्यक्रमको हकमा;

(४क) गाउँपालिकाले अनुदानग्राहीको तर्फबाट स्रोत सुनिश्चित गर्नका लागि अनुदानग्राहीलाई गाउँपालिकाले तोकेको खातामा तोकिएको समयभित्र लागत साझेदारी वापत तोकिएको रकम जम्मा गर्न सार्वजनिक सूचना प्रकाशन गरिनेछ।

(४ख) उपदफा (४क) बमोजिम तोकिएको समयसिमा भित्र निश्चित संख्यामा माग प्राप्त नभए गाउँपालिकाले रकम जम्मा गर्ने समय सिमा थप गर्न सक्नेछ।

(४ग) उपदफा (४क) बमोजिम दाखिला भएको रकम विनियोजित बजेट सिमा भन्दा बढी हुन आएमा माग संख्या र बजेट सिमाको अनुपातका आधारमा कृषक छनौट गरी बाँकी रकम रुपा गाउँपालिकाको खाताबाट सोझै वा कृषि शाखा र सम्बन्धित वडाको समन्वयमा कृषकहरुलाई नियमानुसार फिर्ता गर्न बाधा पर्ने छैन।

(४घ) रकम फिर्ता गर्दा सम्बन्धित कृषकले रकम फिर्ता पाउँ भनि निवेदन सहित गाउँपालिकाले तोकेको खातामा रकम जम्मा गरेको सक्कल भौचर वा नीज व्यक्तिको पहिचान खुल्ने नागरिकता वा राष्ट्रिय परिचयपत्र तथा अन्य प्रमाणित हुने कागजात उपलब्ध गराउनु पर्नेछ।

(४ङ) उपदफा (४क) मा जुनसुकै कुरा लेखिएको भएता पनि कृषकहरुको माग बराबर सामग्री खरिदको लागि कार्यक्रमको बजेट सुनिश्चित भएको खण्डमा सामग्री वितरणको क्रममा लागत साझेदारी बापतको रकम नगदै वा राजस्व स्वरुप संकलन गरी गाउँपालिकाले तोकेको बैंक खातामा एकमुष्ठ दाखिला गर्न सकिनेछ।

(५) उप दफा ४ को दफा (१) मा जे सुकै लेखिएको भए पनि सामुदायिक बन, सडकका छेउछाउहरु, सार्वजनिक स्थानहरु, सामुदायिक विद्यालयहरुमा रोप्ने प्रयोजनका लागि  र अपाङ्गता/ अल्पसंख्यक/ बिपन्न/एकल महिला/न्यून आय भएका व्यक्तिहरुलाई तरकारी, फलफूल तथा अन्य विरुवाका विउ बेर्नाहरु निःशुल्क प्रदान गर्न सकिनेछ।

(६) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि यो कार्यविधि लागु हुनु अघि अनुदानग्राहीसंग सम्झौता बमोजिम नै अनुदान उपलब्ध गराइनेछ।

(७) संघिय सरकार वा प्रदेश सरकारबाट शसर्त/विशेष अनुदान स्वरूप वित्तिय हस्तान्तरित कार्यक्रमको हकमा उक्त कार्यक्रमको लागि प्राप्त कार्यविधि भएमा सोही बमोजिम र नभएमा यसै कार्यविधि बमोजिम हुनेछ।

## परिच्छेद- ३ कार्यक्रम सञ्चालन प्रकृया

**५. आवेदन मागः** कार्यालायको स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अनुसार दफा (४) मा व्यवस्था भए बमोजिमका कार्यक्रमहरु सम्बन्धमा लागत साझेदारीमा सञ्चालन हुने कार्यक्रमहरुको लागि अनुसूची- २ बमोजिमको ढाँचामा कम्तिमा ७ दिनको सुचना मार्फत प्रस्ताव आह्वान गरिनेछ।

**६. आवेदन पेशः(१)** दफा (५) बमोजिमको सूचना अनुसार दफा (४) मा उल्लिखित कार्यक्रमहरूमा मापदण्ड पुगेका इच्छुक आवेदकहरुले अनुसूची- ३ बमोजिमको ढाँचामा तोकिएको समय सिमा भित्र निवेदन, अनुसूची- ४ बमोजिमको संक्षिप्त कार्य योजना र अनुसूची - ५ बमोजिमको हाल सम्म लिएको अनुदान सम्बन्धी विवरण स्वघोषणा पत्र सहित कृषि विकास शाखा वा सम्बन्धित वडा कार्यालयमा आवेदन पेस गर्नु पर्नेछ।

(२) रुपा गाउँपालिका गाउँ कार्उपालिकाको कार्यालयबाट नै खरिद गरी वितरण हुने सामाग्रीको हकमा तोकिएको ढाँचामा निवेदन मात्र पेस गर्नुपर्नेछ।

**७. आवेदक छनौट र सिफारिसः** कृषि शाखामा प्राप्त आवेदनमा संलग्न कागजातहरुको अध्ययन मुल्याङ्कन तथा आवश्यकता अनुसार प्रारम्भिक अनुगमन गरी दफा (९) बमोजिम गठित समितिले छनौट गरी सिफारिस गर्नेछ।

**८. सम्झौता प्रकृयाः** (१) छनौट भएका अनुदानग्राहीलाई कम्तीमा ७ दिनको म्याद दिई सम्झौताको लागि सूचना प्रकाशन गर्नुपर्नेछ।

(२) दफा (७) बमोजिम छनौट भएका अनुदानग्राहीलाई अनुसूची- ७ बमोजिमको ढाँचामा सम्झौता गरी सकेपछि स्वतः कार्यदिश दिइएको मानिनेछ।

दफा (७) बमोजिम छनौट भएका अनुदानग्राहीले तोकिएको म्याद भित्र सम्झौता गर्न नआएमा कार्यालयले वैकल्पिक अनुदानग्राहीसंग सम्झौता गर्नु पर्नेछ।

## परिच्छेद- ४ समिति सम्बन्धी व्यवस्था

**९. अनुदानग्राही व्यवस्थापन, मुल्याङ्कन तथा छनौट समितिः** दफा ६ बमोजिम अनुदानग्राहीहरुले पेश गरेका आवेदनहरुको मुल्याङ्कन तथा छनौट अनुसूची १ को मापदण्डलाई आधार मानी देहाय बमोजिमको समितिको निर्णय अनुसार हुनेछ ।

| क्र.सं. | पदाधिकारीहरु | पद | सङ्ख्या |
|---|---|---|---|
| १ | अध्यक्ष, रुपा गाउँपालिका | संयोजक | १ जना |
| २ | उपाध्यक्ष, रुपा गाउँपालिका | सदस्य | १ जना |

| | | | |
|---|---|---|---|
| ३ | प्रमुख प्रशासकीय अधिकृत, रुपा गाउँपालिका | सदस्य | १ जना |
| ४ | आर्थिक प्रशासन शाखा प्रमुख, रुपा गाउँपालिका | सदस्य | १ जना |
| ५ | कृषि विकास शाखा प्रतिनिधी, रुपा गाउँपालिका | सदस्य | १ जना |
| ६ | पशु सेवा शाखा प्रमुख/प्रतिनिधी, रुपा गाउँपालिका | सदस्य | १ जना |
| ७ | कृषि विकास शाखा प्रमुख, रुपा गाउँपालिका | सदस्य सचिव | १ जना |
| ८ | आमन्त्रित सदस्य | | २ जना |
| **जम्मा** | | | ९ जना |

**१०. कार्यक्रम अनुगमन समितिः** (१) दफा (९) बमोजिम गठित समितिले छनौट गरी सिफारिस गरेका अनुदानग्राहिहरुलाई भुक्तानी गर्नु पुर्व कार्यक्रमहरुमा प्रदान गरिने अनुदान कार्यान्वयन प्रभावकारी बनाउनको लागि देहाय बमोजिमको कार्यक्रम अनुगमन समिति रहनेछः

| क स | पदाधिकारीहरु | पद |
|---|---|---|
| १ | गाउँपालिका उपाध्यक्ष, रुपा गाउँपालिका | संयोजक |
| २ | प्रमुख प्रशासकिय अधिकृत, रुपा गाउँपालिका | सदस्य |
| ३ | आर्थिक प्रशासन शाखा, रुपा गाउँपालिका | सदस्य |
| ४ | प्रशासन शाखा, रुपा गाउँपालिका | सदस्य |
| ५ | कृषि विकास शाखा प्रतिनिधी, रुपा गाउँपालिका | सदस्य |
| ६ | पशु सेवा शाखा प्रमुख वा प्रतिनिधी, रुपा गाउँपालिका | सदस्य |
| ७ | कृषि विकास शाखा प्रमुख, रुपा गाउँपालिका | सदस्य सचिव |

(२) कार्यक्रम सम्पन्न भई सम्बन्धित अनुदानग्रहीले फाइल पेश गरे पश्चात अनुगमन समितिले अनुगमन गरी प्रतिवेदन पेश गर्नु पर्नेछ।

## परिच्छेद- ५ अनुदान भुक्तानी प्रक्रिया

**११. भुक्तानी प्रक्रियाः**(१) कार्यालयले कार्यक्रम सञ्चालन गर्दा खरिद सम्बन्धी प्रक्रिया प्रचलित कानुन बमोजिम गर्नुपर्नेछ।

(२) अनुदानग्राहीले सम्झौतामा भएको कार्ययोजना अनुसार सक्कल विल भरपाई र कार्य विवरण संलग्न राखी भुक्तानी माग गर्नुपर्ने छ।

(३) भुक्तानी माग भए पछि कार्यालयले कार्य प्रगतिको अनुगमन गरी प्रतिवेदन प्राप्त भएपछि अनुदानग्राहीको बैंक खाता मार्फत भुक्तानी गर्नुपर्नेछ।

(४) अनुदान रकमको अन्तिम भुक्तानी माग गर्दा सम्बन्धित वडाको सिफारिस पेश गर्नुपर्नेछ।

## परिच्छेद- ६ विविध

**१२. दोहोरो सुविधा लिन नपाउनेः** अनुदानग्राहीले एकै प्रकृतिको कामको लागि एक भन्दा बढी निकायबाट एकाघरका कृषक परिवारले सोही आर्थिक बर्षमा अनुदान प्राप्त गर्न सक्ने छैन । एकै प्रकृतिको कामको लागि एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गरेको देखिएमा ३ वर्ष सम्म उही प्रकृतिका र अन्य अनुदान समेत प्रदान गरिने छैन ।

**१३. असुल उपर गर्नु पर्नेः** (१) कार्यालयले यस कार्यविधि बमोजिम प्रवाह भएको अनुदान रकमको हिनामिना भएमा सम्बन्धित पक्षबाट सरकारी बाँकी सरह प्रचलित कानून बमोजिम असुल उपर गर्नेछ ।

(२) असुल उपर हुन नसकेमा कार्यालयले सरकारी बाँकी सरह कानुन बमोजिम असुल उपरको लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ ।

**१४. अनुदानग्राही जिम्मेबार हुनेः** कुनै विषेश कारणवश वा काबू बाहिरको परिस्थिति परि सम्झौता अनुरुप तोकिएको समयसिमा भित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पुरा भुक्तानी नभएमा अनुदानग्राही स्वयं जिम्मेवार हुनेछ ।

**१५. अनुदान प्राप्त गर्ने परियोजना / कार्यक्रम रद्द गर्न सक्ने वा सम्झौता रद्द गर्नेः** कुनै कारणवस प्रचलित ऐन कानुन विरुद्ध भएमा वा सम्झौता बमोजिम कार्यान्वयन नभएमा वा कारणवस छनौट समिति वा अनुगमन मूल्याङ्कन समितिले कार्यक्रम अगाडी बढाउन उपयुक्त नदेखेमा पूर्व जानकारी दिई सम्झौता रद्द गर्ने वा अनुदानको रकम पुरा भुक्तानी नदिन सक्ने सम्मको कारवाही हुनेछ ।

**१६. प्रचलित कानून बमोजिम हुनेः** प्रचलित कानूनको सर्वमान्य सिद्धान्तको प्रतिकुल नहुने गरी यस कार्यविधिमा उल्लेख भएका कुराको हकमा यसै कार्यविधि बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**१७. कार्यविधिको व्याख्याः** यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

**१८. खारेजी र बचाऊः** कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ खारेज गरिएको छ ।यस भन्दा अगाडि भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ।

## अनुसूची - १

**<u>प्रस्ताव छनौटका लागि मापदण्ड</u>**

**प्रस्ताव छनौट गर्दा तपसिलका मापदण्डहरुलाई आधार मानी लाभग्राही छनौट गरिनेछः**

१. कार्यक्रममा समावेश गर्नका लागि न्युनतम मापदण्ड पुरा गरेको/नगरेको।

२. नीजले अघिल्ला वर्षहरूमा उस्तै प्रकृतिका कार्यक्रममा अनुदान पाएको वा नपाएको।

३. युवा वर्ग (उमेर २०–५० वर्ष) कसले गर्न चाहेको?

४. समुह वा संस्था वा फर्म स्थापना भएको वर्ष ।(कति पुरानो समुह वा संस्था वा फर्म)

५. आवेदकको मुख्य पेशा कृषि वा अन्य केही ।

६. आवेदकको स्थायी र अस्थायी वसोवास रूपा गाउँपालिका भएको वा नभएको ।

७. आवेदकको समूह वा संस्था वा फर्म रुपा गाउँपालिकामा सुचिकृत भएको वा नभएको ।

८. आर्थिक अवस्था के कस्तो रहेको?

९. कार्यक्रमसंग सम्बन्धित तालिम वा ज्ञान भएको/नभएको?

१०. अपाङ्ग/अल्पसंख्यक/बिपन्न/एकल महिला बर्गमा पर्ने/नपर्ने?

११. वैदेशिक रोजगारबाट फर्किएका युवालाई समेत कार्यक्रमको प्राथमिकतामा राखिनेछ ।

१२. संभव भएसम्म सबै आवेदकहरूलाई अनुदानको दायरामा ल्याउन प्राथमिकता दिइनेछ ।

# अनुसूची - २

## <u>प्रस्ताव आव्हानको सूचना</u>

प्रथम पटक प्रकाशित मिति.........................................

रुपा गाउपालिकाको आ.व २०......./......... को स्वीकृत वार्षिक कृषि बिकास कार्यक्रम अन्तर्गत तपसिलका कार्यक्रमहरु संचालनमा आउने हुँदा सो कार्यक्रममा सहभागि हुन ईच्छुक कृषि फर्म /कृषक समुह/ कृषि सहकारी/कृषक समिति तथा व्यावसायिक कृषकहरुले यो सूचना प्रकाशन भएको मितिले............ दिन भित्र सम्बन्धित वडा कार्यालय तथा कृषि बिकास शाखामा आवश्यक कागजात सहित तोकिएको ढाँचामा आवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि हुन यो सूचना प्रकाशित गरिएको छ ।

| क.स. | कार्यक्रमको नाम | लक्षित संख्या | अनुदान रकम बढीमा | न्युनतम मापदण्ड | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

आवश्यक कागजातहरुः

**१. कृषक/ उद्यमी**

१. तोकिएको ढाँचाको निवेदन ।
२. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
३. वडा कार्यालयको सिफारिस पत्र ।

**२. कृषि/फर्म कम्पनी**

(क) तोकिएको ढाँचाको निवेदन ।
(ख) संचालकको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
(ग) फर्म/कम्पनी दर्ता प्रमाण पत्र प्रतिलिपि नविकरण भएको ।
(घ) स्थाई लेखा नम्बर प्रमाणप्रत्रको प्रतिलिपि
(ङ) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

**३ कृषक समुह र सहकारी संस्था**

(क) तोकिएको ढाँचाको निवेदन।
(ख) पदाधिकारी तथा प्रतिनिधिको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
(ग) कृषक समुह/सहकारी संस्था दर्ता प्रमाण पत्र प्रतिलिपि नविकरण भएको ।
(घ) वडा कार्यालयको सिफारिस पत्र ।
(ङ) स्थाई लेखा नम्बर प्रमाणप्रत्रको प्रतिलिपि।

(च) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
(छ) कार्यक्रम मागको लागि निर्णय गरेको निर्णयको प्रतिलिपि

## अनुसूची - ३

**<u>निवेदनको ढाँचा (नमुना)</u>**

मितिः ......................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
रुपा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,
रुपाकोट, कास्की।

विषय :कार्यक्रममा सामावेश गराइदिनुहुन।

महोदय,

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति ............................ मा प्रकाशित सूचना अनुसार संचालन हुन लागेको ....................................................................कार्यक्रममा सहभागि हुन इच्छुक भएको तथा उक्त कार्यक्रमको मापदण्ड भित्र रहेर कार्य गर्न स्विकार भएको हुँदा उक्त कार्यक्रममा समावेश गरिदिनुहुन आवश्यक कागजात सहित यो निवेदन पेश गर्दछु /छौं ।

संस्थाको छाप :

**निवेदक**

नामः
संस्थाको नाम :
ठेगाना :
पद :
सम्पर्क नं.:
हस्ताक्षरः

# अनुसूची – ४ संक्षिप्त कार्य योजना

१. हालको अबस्थाः

| क्र. सं. | उत्पादित बाली वस्तुहरू | उत्पादन क्षेत्रफल/संख्या | उत्पादन परिमाण |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

२. थप गर्न चाहेको कार्य विवरणः

| क्र. सं. | कामको विवरण | आफ्नो तर्फ बाट व्यहोर्ने | माग गरेको अनुदान |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| जम्मा | | | |

३. काम सम्पन्न पश्चात् अपेक्षित उपलब्धिहरूः

४. फर्मको छाप/ हस्ताक्षरः

# अनुसूची - ५

## हाल सम्म लिएको अनुदान सम्बन्धी विवरण स्वघोषणा पत्र

कम्तीमा पछिल्लो ३ आ. व को विवरण राखुपर्ने

| क्र. सं. | अनुदान प्राप्त गरेको आ. व | अनुदान प्राप्त गरेको कार्यक्रमको नाम | अनुदान प्रदान गर्ने निकायको नाम | अनुदान रकम | हालको अवस्था (यथावत/ विस्तार भएको/ घट्दो अवस्था/ बन्द भएको |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

संस्थाको छाप :

हस्ताक्षरः

## अनुसूची - ६

**<u>बिभिन्न कार्यक्रमको कृषि विकास शाखाले तयार गर्नु पर्ने प्रारम्भिक अनुगमन प्रतिवेदन सम्बन्धी ढाँचा</u>**

रूपा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
रूपाकोट, कास्की

**............................ कार्यक्रमको अनुगमन प्रतिवेदन**

१. कृषक समुह/ कृषि सहकारी/ कृषि फर्मको नामः

२. सञ्चालक/पदाधिकारीको नामः

३. ठेगाना :

४. कार्यक्रमको अनुगमन गरिएको मिति:

५. हालको अवस्था :

(क)

(ख)

(ग)

६. कार्यक्रममा समावेश हुन न्युनतम मापदण्ड भएको/नभएको :

७. अनुगमन समितिको रायः

८. अनुगमन गर्ने कर्मचारी तथा जनप्रतिनिधिहरूः

| क्र.स. | नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |
| ७. | | | |

## अनुसूची -७
## सम्झौता पत्र

श्री रुपा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुपाकोट कास्की (यस पछि पहिलो पक्ष भनिने) र कास्की जिल्ला रुपा गाउँपालिका वडा नं ..... मा संचालित ..........................................................का संचालक/प्रतिनिधि श्री ............................................. (यस पछि दोश्रो पक्ष भनिने) बिच लागत साझेदारीमा आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत .......................................................... कार्यक्रम संचालन गर्न तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही यो सम्झौता पत्रमा हस्ताक्षर गरि लियौं/दियौं।

ईति सम्वत् २०८१ साल ...........महिना ...... गते रोज .......शुभम् ।

**तपसिल**

१. यो सम्झौता, सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ।
२. प्रथम पक्षले सम्झौता अनुसार कुल कार्यक्रम लागतको ......प्रतिशत वा बढीमा रु................(अक्षरूपी रु...... ........... ........... .......... ...... . ......) दोस्रो पक्षले ........................................................ कार्य सम्पन्न गरे पछि मात्र दोस्रो पक्षको वैंक खाता मार्फत उपलब्ध गराउने छ।
३. दोस्रो पक्षले यहि मिति .................. सम्म कार्य सम्पन्न गरिसक्नु पर्नेछ।
४. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत संक्षिप्त कार्ययोजना वमोजिम सम्पुर्ण कार्यहरु प्राबिधिक मापदण्ड/नर्मसको अधिनमा रही सम्पन्न गर्नु पर्नेछ ।
५. कार्यक्रम संचालनको लागि आवश्यक निर्माण सम्वन्धी डिजाईन, ईष्टिमेट, सुपरभिजन, बिल भर्पाई र कार्य सम्पन्न प्रतिवेदन तथा निर्माण, खरिद, ढुवानी, संचालन र जग्गाको व्यवस्था आदि दोस्रो पक्षले गर्नेछ ।
६. दोस्रो पक्षले सुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको बिल भरपाई, कार्य सम्पन्न प्रतिवेदन, आवश्यक कागजात सहित भुक्तानिको लागि प्रथम पक्ष समक्ष पेस गरे पश्चात स्थलगत प्राविधिक अनुगमन प्रतिवेदनको आधारमा मनासिब ठहरे प्रथम पक्षले एक मुष्ठ नियमानुसार भुक्तानी गर्नेछ।
७. प्रथम पक्षले कुनै पनि बखत संचालित कार्यको अनुगमन/निरिक्षण गरि सम्झौता मुताबिक कार्य भए नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ ।
८. अनुदान कार्यक्रमबाट सामूहिक स्वामित्व हुने गरी खरिद गरिएका मेसिनरी उपकरण तथा सामाग्री सहुलियत दरमा परिचालन गर्नुपर्नेछ।
९. कार्यक्रम संचालनको दौरान वा सम्पन्न भएपश्चाप संचालन, व्यबस्थापन , जोखिम र दिगोपनको लागि गरिने कार्यहरु तथा अप्रत्यासिस रुपामा सृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।
१०. यस सम्झौंतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानून बमोजिम लागु हुने छ।
११. कार्यक्रम संचालनको क्रममा कुनै विबाद आएमा दुबै पक्षको आपसि समझदारीमा समाधान गरिनेछ ।

| | |
|---|---|
| प्रथम पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
| नाम, थर :श्री | नाम, थर : श्री |
| पद : प्रमुख प्रशासकिय अधिकृत | पद : |
| हस्ताक्षर:<br>छाप : | हस्ताक्षर:<br>छाप |
| रोहवर<br>१. ............ (वडा अध्यक्ष)<br>२. ................. कृषि विकास शाखा प्रमुख, प्रमुख रूपा गाउँपालिका | |

## अनुसूची - ८

**बिभिन्न कार्यक्रमको कृषि विकास शाखाले तयार गर्नु पर्ने कार्य सम्पन्न अनुगमन प्रतिवेदन सम्बन्धी ढाँचा**

रूपा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
रूपाकोट, कास्की

**................................... कार्यक्रमको अनुगमन प्रतिवेदन**

१. कृषक समुह/ कृषि सहकारी/ कृषि फर्मको नामः
२. सञ्चालक/पदाधिकारीको नामः
३. ठेगाना :
४. कार्यक्रमको अनुगमन गरिएको मिति:
५. गरेका थप कार्यहरु :
(क)

(ख)

(ग)

(घ)

६. सम्झौता अनुरुप कार्यसम्पन्न भएको/नभएको :

**७. अनुगमन समितिको राय :**

८. अनुगमन गर्ने कर्मचारी तथा जनप्रतिनिधिहरूः

| क.स. | नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |
| ७. | | | |

# अनुसूची — ९

## भुक्तानी मागको लागि निवेदनको ढाँचा

मितिः............................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
रुपा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,
रुपाकोट, कास्की।

विषयः रकम भुक्तानी सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति ............................ मा प्रकाशित सूचना अनुसार ........................................................................कार्यक्रममा छनौट सम्झौता अनुसार कार्य सम्पन्न गरेको हुँदा नियमानुसार अनुदानको रकम भुक्तानी गरिदिनुहुन आवश्यक कागजात सहित यो निवेदन पेश गर्दछु/छौं।

संस्थाको छाप :

**निवेदक**

नामः
संस्थाको नाम :
ठेगाना :
पद :
सम्पर्क नं.:
हस्ताक्षरः

अनुसूची १०

रुपा गाउँपालिकामा उत्कृष्ठ कृषक पुरष्कार प्रदान गर्नका लागि न्युनतम मापदण्ड

(देहायको मध्ये कुनै एक खेती/व्यवसाय भए पनि हुने)

**बाली/वस्तु तथा न्युनतम क्षेधफल /संख्या**

| क्र.सं | बाली/बस्तुको नाम | क्षेत्रफल/संख्या (न्यूनतम) | कैफियत |
|---|---|---|---|
| १ | अन्नबाली र आलु | १० रोपनी | |
| २ | दलहन र तेलहन | ४ रोपनी | |
| ३ | तरकारी | २ रोपनी वा प्लाष्टिक घर भित्र १४० बर्ग मि. | |
| ४ | पुष्प खेती | १.५ रोपनी | |
| ५ | मसला बाली | ३ रोपनी | |
| ६ | च्याउ | कन्येः प्लाष्टिक घर भित्र १४० बर्ग मि<br>सिताकेः२५० मुढा | |
| ७ | फलफूल | ७ रोपनी | |
| ८ | मौरीपालन | १० घार | |
| ९ | बाखा/भेडा | ३० वटा | |
| १० | माछापालन | ३ रोपनी | |
| ११ | बंगुर/सँगुर | १० वटा | |
| १२ | गाई/भैंसी | १० वटा दुधालु | |
| १३ | कुखुरा | स्थानीय जातकोः१००० <br>स्थानीय जात बाहेकः२००० | |
| १४ | हाँस | ३०० | |
| १५ | घाँस खेती | ४ रोपनी | |

माथि उल्लेखित क्षेत्रफल वा संख्या पुरा गरी एकिकृत खेती/व्यवसाय गरेकालाई प्राथमिकता दिईनेछ। र वडाबाट छनौट भई सिफारिस गरिएका कृषकहरुको आवश्यकता अनुसार अनुगमन गरी यस कार्यविधिमा व्यवस्था भएको व्यवस्थापन, मुल्याङ्कन तथा छनौट समितिको निर्णय अन्तिम हुनेछ।